# उच्च अदालत पाटनबाट जारी गरिएको सूचना

मितिः २०७७/०८/१२

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको बिभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएको व्यहोरा सबैमा विदितै छ।

उल्लेखित परिप्रेक्ष्यमा यस अदालतका माननीय मुख्य न्यायाधीशज्यू, रजिष्ट्रार तथा अन्य कर्मचारीहरु, उच्च तथा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताहरु एवं उच्च अदालत बार एशोसिएशनका अध्यक्षसमेतका सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त सुझावहरु समेतका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम थुनुवाको तर्फबाट परेका निवेदनहरु उपर प्राप्त प्रतिवेदनहरु विहिवारको दिनका अतिरिक्त मिति २०७७/०८/१९ गतेदेखि प्रत्येक दिन प्रत्येक इजलासमा १/१ वटा निवेदन/प्रतिवेदनको पेशी व्यवस्थापन गरी सुनुवाईको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बसन्तराज जोशी
शाखा अधिकृत